आज मिति **२०८१ भाद्र ३०** गते आइतबारका दिन यस लिखुपिके गाउँपालिकाको अध्यक्ष श्री मिना कार्की (बस्नेत)को अध्यक्षतामा तपशील वमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८१/०८२ को **तेस्रो** गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियोः

**उपस्थिति**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की (बस्नेत) | अध्यक्ष | [signature] |
| २. | श्री ङ्वाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | [signature] |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | [signature] |
| ४. | श्री मणिराजा बस्नेत | २ नं. वडा अध्यक्ष | [signature] |
| ५. | श्री ध्रुवबहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | [signature] |
| ६. | श्री हिक्मतबहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | [signature] |
| ७. | श्री डिमाछिरि लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | शोभा |
| १०. | श्री सविता बि.क. | कार्यपालिका सदस्य | [signature] |
| ११. | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | चित्र |
| १२. | श्री निरकुमार बि.क. | कार्यपालिका सदस्य | [signature] |
| १३. | श्री मानबहादुर भुजेल | कार्यपालिका सदस्य | मान |
| १४. | श्री काजीमान राई | सचिव | |

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८१ भाद्र ४ गते बसेको चालू आ.व.को पहिलो कार्यपालिका बैठकमार्फत् भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन् भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी रहेको निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा वर्षा याममा आएको अविरला पानीका कारण यस गाउँपालिकाका मातहत रहेका सडक संरचना र अन्य पूर्वाधारमा भएको क्षतीलाई न्यूनीकरण गर्दै यातायात आवागमनमा सहजता ल्याउनका लागि मर्मत सम्भार कार्यविधि तयार गरी ३ महिनाका लागि ब्याक हो लोडर भाडामा लिनका लागि सार्वजनिक सूचना जारी गर्दा जिरी निर्माण सेवा, दोलखाले पेश गरेको प्रस्ताव न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिई प्रतिघण्टा रु. ३२,०० (इन्धन, मर्मत, मू.अ.कर र अपरेटर भत्तासहित) कबोल गरेको । सोही आधारमा उक्त संस्था र गाउँपालिकाबीचमा प्रतिमहिना १०० घण्टाका दरले ३ महिना ब्याक हो लोडर सञ्चालन गर्ने र सो वापत प्रतिघण्टा रु. ३२,०० (इन्धन, मर्मत, मू.अ.कर र अपरेटर भत्तासहित) का दरले भाडा उपलब्ध गराउने निर्णय भएअनुसार मिति २०८१ श्रावण ११ गतेदेखि सो मेसिन भाडामा प्रयोग गरिएको हुँदा सो वापतको रकम हालसम्मको जम्मा १६१.४ घण्टाको कूल रकम रु. ५१६,४८० गत सालको मौज्दातबाट भुक्तानी दिने निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस गाउँपालिकाअन्तर्गत सञ्चालनमा रहेको चौलाखर्क स्वस्थ्य चौकी, गोली स्वस्थ्य चौकी र भकाञ्जे स्वस्थ्य चौकीबाट सेवा प्रवाह गर्ने सम्बन्धमा नियमानुसार सङ्कलन भएका राजश्वको आय तथा व्ययको बिबरण अध्ययन गरी सो को प्रतिवेदन १ महिनाभित्र कार्यपालिका बैठकमा छलफलका लागि पेश गर्न तपशील वमोजिमको समिति गठन गर्ने निर्णय गरियो-

**तपशील**

(क) निरकुमार बि.क. - संयोजक
(ख) ज्ञानु कार्की - सदस्य (स्वस्थ्य शाखा प्रमुख)
(ग) रेखबहादुर राई - सदस्य सचिव (लेखा शाखा प्रमुख)

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा विधेयक समितिबाट छलफल भई कार्यपालिका बैठकमा पेश भएका तपशील वमोजिमको कार्यविधि उपर व्यापक छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो-

**तपशील**

(क) लिखुपिके गाउँपालिकाको योजना अनुगमनसम्बन्धी कार्यविधि, २०८० (संशोधनसहित)
(ख) महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस गाउँपालिकाभित्र नियमति रुपमा लामो समयदेखि खेतीपाती गर्दै आएको रैथाने बाली कोदो र फापरलाई प्रवर्दन गर्दै नयाँ परिकार तयारी गरी बजारीकरण गर्नका लागि वडा नम्बर १ र ५ बाट २/२ जनाका दरले र वडा नम्बर २, ३ ४ बाट ५/५ का दरले सहभागी गराई विज्ञबाट समय मिलाई क्षमता विकास तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस गाउँपालिका तथा अन्य निकायबाट गाउँपालिका क्षेत्रभित्र निर्माण गरिएका सडक सोलिङको कार्यलाई थप व्यवस्थित गरी यातायात आवगमनमा सहजता ल्याउनका लागि सोलु दुधकुण्ड नगरपालिका, सोलुखुम्बुलाई कार्य सम्पन्न नभइञ्जेलसम्मका लागि १ थान रोलर सहयोग माग गर्ने निर्णय गरियो । साथै सो कार्य सम्पन्न गर्नका लागि रोलरमा आवश्यक हुने इन्धनका लागि एपोलो हाइड्रोपावर कम्पनी खिजिदेम्बा-७, ओखलढुंगा र हिमस्टार उर्जा कम्पनी लि., लिखुपिके-२, सोलुखुम्बुलाई अनुरोध गर्ने निर्णय गरियो ।